# नेप्सेको आमूल सुधार गर्नुपर्ने निष्कर्ष

सौर्य समाचार

काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से) को हालको संरचना र कार्यशैलीबाट आगामी चुनौती सामना गर्न नसक्ने निष्कर्ष निकालिएको छ । नेपाल स्टक एक्सचेञ्जको पुनः संरचनासम्बन्धी सुझाव समितिले प्रविधि, व्यवस्थापन, सेवा विस्तार र संस्थागत सुशासनमा आमूल सुधार नगरे नेप्से क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी बन्न नसक्ने निष्कर्ष निकालेको हो । अर्थ मन्त्रालयले सार्वजनिक गरेको प्रतिवेदनअनुसार समितिले नेप्सेलाई आधुनिक, प्रतिस्पर्धी र प्रविधिमैत्री बनाउन सुधार सिफारिस गरेको छ । समितिले नेप्से हालकै स्वामित्व र संरचनामा सञ्चालन गर्दा भविष्यका अवसर उपयोग गर्न र चुनौती सामना गर्न कठिन हुने ठहर गरेको छ ।

सरकारी तथा सरकारी स्वामित्व भएका संस्थाको बाहुल्यताले निर्णय प्रक्रिया सुस्त, नवप्रवर्तन कमजोर र उत्तरदायित्व अस्पष्ट बनेको निष्कर्ष निकाल्दै समितिले स्वामित्व संरचनामा परिवर्तन अपरिहार्य भएको बताएको छ । यसका लागि प्रमुख रूपमा रणनीतिक साझेदार भित्र्याउने प्रस्ताव गरिएको छ । समितिका अनुसार नेप्सेलाई आवश्यक प्राविधिक, व्यवस्थापकीय ज्ञान र आधुनिक पूर्वाधारको 'ग्याप' पूर्ति गर्न अन्तर ाष्ट्रियस्तरको रणनीतिक साझेदार आवश्यक छ ।

नेप्सेको संरचनात्मक सुधार, पुँजी वृद्धि र स्वामित्व पुनः संरचनाका लागि रणनीतिक साझेदार भित्र्याउन सुझाव दिइएको छ । गत २ मंसिरमा बसेको मन्त्रिपरिषद् बैठकले वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट प्रकाशजंग थापाको संयोजकत्वमा ६ सदस्यीय समिति गठन गरेको थियो ।

धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ अनुसार दोस्रो बजार सञ्चालकका रूपमा नेप्सेले न्यूनतम ३ अर्ब चुक्ता पुँजी कायम गर्नुपर्ने व्यवस्था छ । तर प्रविधि आधुनिकीकरण, मानव संशाधन, भौतिक पूर्वाधार, अनुसन्धान तथा विकास र सहायक सेवा विस्तारका लागि निरन्तर ठुलो लगानी आवश्यक पर्ने भएकाले हालको पुँजी संरचना अपर्याप्त देखिएको समितिको निष्कर्ष छ ।

यस सन्दर्भमा समितिले तत्कालका लागि बोनस सेयर जारी गरेर ३ अर्बको चुक्ता पुँजी पुऱ्याउने विकल्प उपयुक्त हुने सुझाएको छ । दीर्घकालीन रूपमा भने नेप्सेको विकास र विस्तारका लागि हकप्रद सेयर वा थप नयाँ सेयर जारी गर्नुपर्ने आवश्यकता देखिएको छ । तर पुँजी वृद्धि गर्नुअघि नेप्सेको रणनीतिक साझेदारको हुने भन्ने विषयमा स्पष्टता आवश्यक रहेको प्रतिवेदनमा उल्लेख छ ।

अन्तर्राष्ट्रिय अभ्यास अध्ययन गर्दा स्टक एक्सचेञ्जहरूमा रणनीतिक साझेदारलाई ४० प्रतिशतसम्म स्वामित्व दिएको उदाहरण पाइए पनि नेपालका सन्दर्भमा १५ देखि २५ प्रतिशतसम्म स्वामित्व उपयुक्त हुने समितिको सिफारिस छ । रणनीतिक साझेदारलाई प्रदान गरिने सेयर कम्तीमा १० वर्षको 'लक-इन' अवधिसहित हुनुपर्ने उल्लेख गरिएको छ ।

रणनीतिक साझेदार छनोट गर्दा विश्वका शीर्ष २० स्टक एक्सचेञ्जमध्ये पर्ने कम्तीमा २० वर्षको सञ्चालन अनुभव भएको, अन्य स्टक एक्सचेञ्जको व्यवस्थापन वा साझेदारीको अनुभव राख्ने, आधुनिक सूचना प्रविधि र लगानी उपकरण प्रयोग गरेको, तथा वर्ल्ड फेडेरेसन अफ एक्सचेञ्जको पूर्ण सदस्य भएको हुनुपर्ने मापदण्ड तोकिएको छ । साथै नेप्सेको सञ्चालक समितिमा रणनीतिक साझेदारबाट अनिवार्य रूपमा १ जना विज्ञ सञ्चालक प्रतिनिधित्व गराइनुपर्ने प्रस्ताव छ ।

रणनीतिक साझेदार ल्याउन नयाँ सेयर जारी गर्ने वा हालका सेयरधनीले आफ्नो स्वामित्व बिक्री गर्ने २ विकल्प देखिए पनि, सरकारी विनिवेश प्रक्रिया लामो र जटिल हुने भएकाले नेपाल सरकारबाहेकका अन्य सेयरधनीले आफ्नो सेयर बिक्री गरी रणनीतिक साझेदार भित्र्याउनु व्यावहारिक हुने समितिको निष्कर्ष छ ।

प्रतिवेदनले सरकारी स्वामित्व भएका संस्थामा देखिने संरचनात्मक कमजोरी नेप्सेमा पनि विद्यमान रहेको औँल्याउँदै सरकारी लगानी क्रमशः विनिवेश गर्नुपर्ने सरकारको हालको नीतिसँग नेप्सेको पुनः संरचना मेल खाने बताएको छ । अन्तर्राष्ट्रिय मापदण्डअनुसार सम्पत्ति तथा दायित्व मूल्यांकन, व्यावसायिक एकाधिकार र संस्थागत साखको 'पियर रिभ्यु'का आधारमा प्रतिसेयर मूल्य निर्धारण गरी सरकारी सेयर रणनीतिक साझेदार, वित्तीय संस्था र सर्वसाधारणलाई बिक्री गर्न सकिने प्रस्ताव गरिएको छ ।

तर सम्पूर्ण सरकारी स्वामित्व एकैपटक बिक्री गर्दा साना लगानीकर्ताको विश्वास कमजोर हुने, निजी एकाधिकार बढ्ने र बजार स्वनियमन कमजोर हुनसक्ने जोखिम औँल्याउँदै समितिले आवश्यक परे आंशिक स्वामित्व कायम राख्दै विनिवेश गर्न सकिने विकल्प पनि खुला राख्नुपर्ने सुझाव दिइएको छ ।

सरकारी स्वामित्व आंशिक विनिवेश हुँदा नेपाल सरकारको २५ प्रतिशत, रणनीतिक साझेदार वा नेपाल राष्ट्र बैंकको २५ प्रतिशत, 'क' वर्गका वाणिज्य बैंक तथा कर्मचारी सञ्चय कोषको करिब ३५ प्रतिशत, विकास बैंक तथा बीमा कम्पनीको १५ प्रतिशत र अन्यको ०.६१ प्रतिशत स्वामित्व रहने प्रस्ताव गरिएको छ ।पूर्ण विनिवेशको अवस्थामा भने रणनीतिक साझेदार २५ प्रतिशत, वाणिज्य बैंक तथा कर्मचारी सञ्चय कोष ४० प्रतिशत, विकास बैंक तथा बिमा कम्पनी २० प्रतिशत, सर्वसाधारण १५ प्रतिशत र अन्य ०.६१ प्रतिशत स्वामित्व कायम हुने खाका अघि सारिएको छ । समितिले नेप्सेको सञ्चालक समिति पुनः संरचना गर्दै स्वतन्त्र विज्ञ सञ्चालकको बहुल्यता कायम गर्नुपर्ने सिफारिस गरेको छ । हाल अधिकांश सञ्चालक सरकारी प्रतिनिधित्वमा सीमित हुँदा निर्णय प्रक्रिया राजनीतिक प्रभावमा पर्ने र व्यावसायिकता कमजोर हुने प्रतिवेदनको निष्कर्ष छ ।

आंशिक वा पूर्ण विनिवेशको अवस्थाअनुसार सञ्चालक समितिको संरचना फरक हुने प्रस्ताव गरिएको छ, जसमा स्वतन्त्र सञ्चालक २ जना अनिवार्य रहने, रणनीतिक साझेदार तथा निजी क्षेत्रको प्रतिनिधित्व बढाइने र प्रमुख कार्यकारी अधिकृत सञ्चालक समितिमा रहने व्यवस्था हटाइने उल्लेख छ । साथै सञ्चालकको योग्यता, छनोट प्रक्रिया, उपसमिति गठन र कार्यसम्पादनका आधारमा पारिश्रमिक निर्धारण गर्नुपर्ने सुझाव पनि दिइएको छ ।

## लाभांशसम्बन्धी डिजिटल माध्यमबाट अनिवार्य

काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) ले सूचीकृत सबै कम्पनी, सामूहिक लगानी कोष तथा सेयर रजिस्ट्रार कम्पनीलाई सेयरधनी र लगानीकर्तालाई लाभांशसम्बन्धी सूचना अनिवार्य रूपमा डिजिटल माध्यमबाट उपलब्ध गराउन निर्देशन दिएको छ । नेप्सेले शुक्रबार सबै सूचीकृत कम्पनी तथा सेयर रजिस्ट्रार कम्पनीहरूलाई निर्देशन जारी गर्दै सेयर, सामूहिक लगानी कोष तथा ऋणपत्रधनीलाई लाभांशसम्बन्धी सूचना डिजिटल माध्यमबाट अनिवार्य रूपमा उपलब्ध गराउन भनेको हो ।

नेप्सेका अनुसार कम्पनी तथा सामूहिक लगानी कोषहरूले इमेल र एसएमएसमार्फत स्टक सिम्बोल, लाभांश वितरण हुने आर्थिक वर्ष तथा लाभांशको दर र प्रतिशत स्पष्ट रूपमा जानकारी गराउनुपर्नेछ । ऋणपत्रको हकमा भने सिम्बोल, सम्बन्धित आर्थिक वर्ष र ब्याजदर उल्लेख गरी सूचना पठाउनुपर्ने व्यवस्था गरिएको छ । नेप्सेको यो निर्देशन प्रभावकारी रूपमा कार्यान्वयन भएमा लगानीकर्ता तथा सेयरधनीले आफ्नो लगानीसँग सम्बन्धित लाभांशको जानकारी समयमै र सहज रूपमा प्राप्त गर्न सक्ने विश्वास गरिएको छ । यसले सूचना प्रवाहलाई पारदर्शी बनाउँदै सेयरधनीको पहुँच थप सहज बनाउने नेप्सेको अपेक्षा छ ।


## नबिल बैंक लिमिटेड, भाट-भटेनी, काठमाण्डौंको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मितिः : २०८२/१०/२५)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ । धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

### तपसिल

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा मिति २०७९-१२-०६ मा प्रा.फ.र.नं ३०९२७३/०७९/०८० स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **महालक्ष्मी स्टोर्स** ।
ठेगानाः काठमाण्डौं जिल्ला टोखा म.न.पा. वडा नं. ०९ ।

**कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. तेज बहादुर अर्यालको बुहारी, अर्जुन अर्यालको पत्नी धादिङ जिल्ला चैनपुर गा.पा. वडा नं. ०८ स्थायी घर भई हाल काठमाण्डौं जिल्ला तारकेश्वर न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. ३६/१७ (जारी मितिः २०६९-०६-१२, स्थान धादिङ) भएको **खडक कुमारी आचार्य अर्याल** ।
२. धुन्डीराज अर्यालको नाति, तेज बहादुर अर्यालको छोरा धादिङ जिल्ला चैनपुर गा.पा. वडा नं. ०८ स्थायी घर भई हाल काठमाण्डौं जिल्ला तारकेश्वर न.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. ३१३०७ (जारी मितिः २०५६-०४-१२, स्थान धादिङ) भएको **अर्जुन अर्याल** ।

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
धादिङ जिल्ला चैनपुर गा.पा. वडा नं. ०८ स्थायी घर भई हाल काठमाण्डौं जिल्ला तारकेश्वर न.पा. वडा नं. ०८ बस्ने **अर्जुन अर्याल** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धादिङ जिल्ला चैनपुर गा.पा. वडा नं. ०९ नक्सा सिट नं ९क मा अवस्थित कि.नं. क्रमश ४६८, ५१३, र ४९८ क्षेत्रफल ८७.४३, ३१.७९, र ४१.७३ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४



## Balephi Rural Municipality
### Office of the Municipal Executives
Balephi, Sindhupalchok
Bagmati Province, Nepal

**Invitation for Bids**

Date of publication: 08th February, 2026

1. Balephi Rural Municipality, Office of the Rural Municipal Executive, Balephi, Sindhupalchok invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding. Only eligible bidders should participate in this bidding.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents visit PPMO e- GP system www.bolpatra.gov.np/egp.
3. Bidder should submit necessary experience document as for bid Document.
4. Office reserves the right to accept or reject any Bids without assigning any reasons whatsoever, other terms and conditions not covered here will be in accordance to PPA-063 and PPR 2064.

| S.N | Contract ID No. / Description | Bid Security Amount (NRs) | Bid Fee Amount (NRs) | Estimated Amount Without VAT and ps | Last Date of Bid Submission | Bid opening Date |
|---|---|---|---|---|---|---|
| 1 | BRM/NCB/ WORKS-07/2082-083 Krishi tathapashu goth sudharkaryakram | 88,000 | 3000 | 30,03,185.88 | 12:00Hrs. on 10thMarch 2026 | 13:00Hrs. on 10th March 2026 |

**Chief Administrative Officer**



नेपाल सरकार
### उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय
### जलश्रोत तथा सिंचाई विभाग
### भूमिगत जलसिंचाई आयोजना
भरतपुर, चितवन

**बोलपत्र आव्हानको सूचना**

सुचना नं: GWIPC/082/83-02
(प्रथम पटक प्रकाशित मिति २०८२-१०-२५)

यस आयोजनाको स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको निर्माण कार्यहरु विधुतीय बोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १६ औं र ३१ औं दिनको १२ बजे भित्र e-bid मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। विस्तृत विवरण सहितको सूचनाको लागि www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ।

तपसिल

| सि.नं. | ठेक्का नं. र कामको विवरण | लागत अनुमान (मू.अ.कर र PS Item बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| 1 | GWIPC/NCB/WORKS/DTW/082/083-02 : Construction of 12" by 8" Dia. Deep Tubewell and Pumping Test Work at Paterwa Sugauli Rural Municipality of Parsa District | 41,96,325.00 | 1,25,000.00 | 3000 |
| 2 | GWIPC/NCB/WORKS/DTW/082/083-03 Construction of 8" Dia. Deep Tubewell and Pumping Test work by Percussion method at Khairhani Municipality-4 of Chitwan District | 2458245.00 | 72,000.00 | 3000 |
| 3 | GWIPC/NCB/WORKS/ELEC/082/083-02: HT/LT Line Electrification Works and Transformer Installation Works for Irrigation at Different Places of Bara District | 1,39,61,556.31 | 4,19,000.00 | 3000 |
| 4 | GWIPC/NCB/WORKS/ELEC/082/083-03: HT/LT Line Electrification Works and Transformer Installation Works for Irrigation at Various Places of Parsa District | 1,42,73,522.23 | 4,29,000.00 | 3000 |
| 5 | GWIPC/SQ-01/2082-83: Construction of Pump House and Washout Chamber at Thori Rural Municipality, Jagarnathpur Rural-Municipality, Dhobini Rural-Municipality and Chhipaharmai Rural-Municipality of Parsa District | 16,64,425.72 | 45000 | 1000 |
| 6 | GWIPC/SQ-02/2082-83:Construction of Pump House and Washout Chamber at Bindabasini Rural-Municipality, Kalikamai Rural-Municipality and Pokhariya Municipality of Parsa District. | 16,62,006.75 | 45000 | 1000 |
| 7 | GWIPC/SQ-03/2082-83: Construction of Pump House & Washout Chamber in Various Place of Nijgadh Municipality, Bara District | 1541228.51 | 45000 | 1000 |
| 8 | GWIPC/SQ-04/2082-83: Construction of Pump House & Washout Chamber in various Place of Jitpur Simara Sub Metropolitian City, Bara | 1543507.15 | 45000 | 1000 |

**आयोजना प्रमुख**



## Pancheshwor Rural Municipality
### Office of the Rural Municipal Executive
Aamchaura, Baitadi
Sudurpaschim Province,Nepal

**Notice for Invitation**

1st Date of Publication: FEB 8, 2026 (2082/10/25)

Pancheshwor Rural Municipality Aamchaura, Baitadi invites Only Electronic Bid under NCB Through PPMO's e-procurement system www.bolpatra.gov.np/egp from eligible bidders for the procurement of following mentioned below:

| S.N | Name of Project | Contract ID | Estimated Amount Without VAT& Contingency | Bid Security | Last Date and Time of Bid Submission | Date of Bid Opening |
|---|---|---|---|---|---|---|
| 1 | Sailoda Ningalad Paula Sadak Starunnati Yojana | PRM/NCB/W/ 01 /2082/083 | 13,690,381.43/- | 4,00,000/- (Valid For 120 Days from Bid Submission Deadline) | 2026 MAR 11 (2082-11-27) 12:00 PM | 2026 MAR11 (2082-11-27) 2:00 PM |
| 2 | Patan Pancheshwor Sadak Bistar Yojana | PRM/NCB/W/ 02/2082/083 | 7,019,139.18/- | 2,00,000/- (Valid For 120 Days from Bid Submission Deadline) | 2026 MAR 11 (2082-11-27) 12:00 PM | 2026 MAR11 (2082-11-27) 2:00 PM |

BANK INFORMATION

| NAME OF BANK | Office Account Name & Number | Bidding Document Fee |
|---|---|---|
| Nabil Bank, Kulau Branch, Baitadi | For Bid Document Fee (Aantarik Rajaswa Khata) 07601017500164<br>For Bid Security (Dharauti Khata) 7601017500005 | Bid Document Fee Nrs.3,000/- |

**Chief Administrative Officer**